# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०५।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

दाङ्ग जिल्ला साविक हापुर गाउँ बिकास समिति वडा नं.२, गुर्जे हाल घोराही उपमहानगरपालिका-१२ गुर्जे स्थायी ठेगाना भएका नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक देबबहादुर शाही (हाल अवकाश प्राप्त) ले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी बढुवा भएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, वाराणसी भारतबाट इन्टरमेडियट तह उत्तीर्ण गरेको भनिएको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रहरी हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा भइ लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता